# शुद्धोधन गाउँपालिका
## गाँउकार्यपालिकाको कार्यालय
लबनी, कपिलवस्तु
लुम्बिनी प्रदेश (नेपाल)

प. सं. ०८१ /०८२ मिति :-२०८२/०१ /२१
च. न.

---

### कृषि यान्त्रिकरणमा ५० प्रतिशत अनुदान कार्यक्रम सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८२।०१।२१

आ.व.२०८१/०८२ को लागी स्वीकृत कृषि यान्त्रिकरणमा ५० प्रतिशत अनुदान कार्यक्रम अर्न्तगत ५० प्रतिशत अनुदानमा २ एच. पी. विद्युतिय मोटर वितरण कार्यक्रम रहेको हुदा यस शुद्धोधन गाँउपालिका लवनी कपिलवस्तु भित्र रहेका इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्म हरुमा दरखास्त आह्वान का लागी सूचना प्रकाशन भएको मिति देखि १५ दिन भित्र तपसिल अनुसारको कागजात संलग्न राखी कृषि विकास शाखामा आवेदन पेश गर्नु हुन सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | कार्यक्रम | कैफियत |
|---|---|---|
| १. | ५० प्रतिशत अनुदानमा २ एच. पी. विद्युतीय मोटर वितरण | कृषक/कृषक समुह/कृषि सहकारी सं./कृषि फर्महरु |

**आवश्यक कागजातहरु**

१. माग सम्वन्धी निवेदन ।
२. नेपाली नागरिकताको प्रतिलिपि ।
३. कृषक समुह/कृषि सहकारी/कृषि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४.सूचना प्रकाशित हुनुभन्दा अगाडी कृषक समुह/ कृषि सहकारी/कृषि फर्म दर्ता प्रमाणपत्र नविकरण गरिएको हुनु पर्ने ।
५.सम्वन्धित वडा कार्यालयको सिफारिसि पत्र ।
६.कृषक समुह, कृषि सहकारी र कृषि फर्मको हकमा लेखा परिक्षण प्रतिबेदन तथा कर चुक्ता प्रमाणको प्रतिलिपि र स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि ।
७.कृषक समुह, कृषि सहकारी भए कार्यक्रम माग सम्बन्धी बैठकको निर्णय प्रतिलिपि ।
८.कृषकको हकमा कम्तीमा १ विघा जग्गाको लालपुर्जा प्रमाण पत्रको प्रतिलिपी ।

**नोटः-**

१.आ.ब. ०८०/०८१ र आ.ब. ०८१/०८२ मा उल्लेखित कार्यक्रम अन्य कुनै कार्यालयहरुबाट अनुदान प्राप्त गरेको भएमा यस सूचना अनुसारको अनुदान उपलब्ध गराईने छैन।
२.रित नपुगेका र म्याद नाघी आएका निबेदन संलग्न गराईने छैन ।

२०८२।१।२१
कमलेश शरण चौधरी
गा.पा. अध्यक्ष